कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल


प.सं- ०८०।०८१
च.नं- ३५१८

मिति : २०८०/१२/१९

## सहकारी सस्थाका सदस्यहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

सहकारी सस्थाहरु नितान्त शेयर सदस्यहरुबाट संचालित स- संगठित व्यक्तिहरुबाट सहकारीको मूल्य र मान्यता प्राप्त संगठित सस्था हो । उक्त संगठनबाट आफ्ना सदस्यहरुलाई बचत सीप र ऋण को माध्यमबाट प्रदान गरिएको बिश्वाससिलो र भरपर्दो वित्तीय सेवालाई नै प्रभावित हुने गरि सहकारी सस्थाको बारेमा अनावश्यक टिका टिप्पणी गर्ने सहकारी सस्थाबाट लिईएको ऋण तिर्न पर्दैन भनि प्रचारबाजी गर्ने, सहकारीमा जम्मा गरेको रकम जोखिममा छ जस्ता शेयर सदस्यहरु बीच को सुमधुर सम्बन्ध र सहकारीको मूल्य र मान्यताको बर्खिलाप हुनेगरी आएको बजार हल्लाले यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

तत् सम्बन्धमा सङ्घीय सहकारी ऐन २०७४ को परिच्छेद १४ ऋण असुली तथा बक्यौता सम्बन्धि व्यवस्थाको दफा ७९ देखि ८६ मा व्यवस्था भएको छ । सोहि ऐनको दफा ८३ बमोजिम कसैले सहकारी सस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाकि राखेमा त्यस्ता रकम र सोको ब्याज समेत सहकारी सस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ भनि उल्लेख भएको छ । साथै सोहि ऐनको दफा ८४ को २(१) बमोजिम रोक्काका लागि लेखि आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी नपाउने गरि रोक्का राखी दिनुपर्ने भनि उल्लेख भएको छ । प्रदेश सहकारी ऐन २०७६ को दफा ६५, ६६, मा समेत उल्लेख भएको छ ।

कालिका नगरपालिका सहकारी ऐन २०७५ को दफा ५९ मा कालोसूचीमा राख्न सक्ने, बाकीं बक्यौता असुल उपरगर्ने र सम्पत्तिको रोक्का राख्न लेखि पठाउने सम्मको कानुनी व्यवस्था रहेको हुदा सामाजिक संजाल एवं बजार हल्लाको पछाडी नलागी सहकारीको लगानी सुरक्षित भएको महसुस गर्दै सबै सरोकारवालाहरुले सामाजिक उत्तरदायित्व बहन गर्दै सहकारी सस्थाबाट लिएको क़र्जाको किस्ता रकम समयमा नै भुक्तानी गर्नुहुन सम्पूर्ण ऋणीहरुलाई कालिका नगरपालिका, नगरकार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछु ।

२०८०।१२।१९

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत